राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission

प. सः ०७७।७८
च. नं. / Ref: ४२३

श्री अर्थ मन्त्रालय,

मिति: २०७७।११।२६

वित्तीय संघीयता समन्वय महाशाखा,

सिंहदरबार, काठमाण्डौं ।

विषय: राजश्व बाँडफाँट सम्वन्धमा ।

तहाँ मन्त्रालयको मिति २०७७।११।२१, च. नं. ७३ को राजश्व बाँडफाँट सम्वन्धी पत्रका सम्वन्धमा लेखिदैछ । नेपालको संविधनको धारा २५१ को उपधारा (१) को देहाय (क) र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ बमोजिम नेपाल सरकारले सङ्कलन गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबीच बाँडफाँट हुने राजस्व (मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनमा सङ्कलित अन्त:शुल्क) को बाँडफाँट सम्वन्धी विस्तृत आधार, ढाँचा र हिस्सा समेत यस आयोगले मिति २०७६।११।२९ मा तहाँ मन्त्रालय मार्फत नेपाल सरकारलाई सिफारिस गरिसकेको छ । सोही ऐनको दफा १५ को उपदफा (२) अनुसार आयोगले निर्धारण गरेको विस्तृत आधार र ढाँचा उपदफा (३) बमोजिम पुनरावलोकन भएको अवस्था बाहेक पाँच वर्षको लागि (आ. व. २०७७।७८ देखि आ. व. २०८१।८२ सम्म) मान्य हुने व्यवस्था रहेको हुँदा सोही व्यहोरा समेत अनुरोध छ । साथै यस आयोगको मिति २०७६।११।२९, च. नं. ०९ को पत्र यसै साथ संलग्न राखी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

२०७७।११।२६

महेश कुमार गुरुङ
शाखा अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
११।२६

सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np